# बलेफी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## कानूनी सहजकर्ता पद करारमा पदपूर्तिको लागि दरखास्त आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७/१२/०४

बलेफी गाउँपालिकाको लागि कानूनी सहजकर्ताको रुपमा देहायको संख्या र योग्यता भएको व्यक्ति करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा रित पूर्वकको आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१.

| पदको नाम | संख्या |
|---|---|
| कानूनी सहजकर्ता (राजपत्र अनंकित द्वितीय श्रेणी वा सो सरह) | १ (एक) |

२. योग्यता :

- क. नेपाली नागरिक,
- ख. माध्यमिक शिक्षा (१०+२) वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,
- ग. अठार वर्ष उमेर पूरा भएको,
- घ. अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।

३. दरखास्त दस्तुर : रु ५,०० ।– (पाँच सय रुपैयाँ मात्र) ।

४. आवेदन दिने अन्तिम मिति : २०७७/१२/१८ गतेसम्म ।

५. आवेदन बुझाउने स्थान : बलेफी गाउँपालिकाको कार्यालय, बलेफी, सिन्धुपाल्चोक ।

६. कार्य गर्नुपर्ने स्थान : बलेफी गाउँपालिका क्षेत्र ।

७. कार्य अवधि : करार सम्झौतामा तोकिए बमोजिम ।

८. पारिश्रमिक : करार सम्झौतामा तोकिए बमोजिम ।

९. छनौट प्रक्रिया : प्राप्त दरखास्तहरुमध्ये बलेफी गाउँपालकामा कानूनी सहजकर्ता नियुक्ति सम्बन्धी कार्यविधि, २०७७ मा रहेको मापदण्डका आधारमा मूल्यांकन गरी संक्षिप्त सूचि प्रकाशन गरिनेछ । सूचिकृत उम्मेदवारहरुमध्येबाट अन्तर्वार्ताको माध्यमबाट छनौट गरिनेछ ।

१०. पेश गर्नुपर्ने कागजात : नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, हस्तलिखित निवेदन ।

नोट : पेश गरिने सबै प्रतिलिपीको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्छ ।

शैलेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

शैलेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत